मिति: २०७७/१२/३

श्री सम्पादकज्यू,
अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिक
नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रा.लि.
तीनकुने, काठमाडौं ।

विषय : सामूहिक राजीनामा सम्बन्धमा ।

महोदय,

एक वर्षदेखि २० वर्षसम्म सेवा अवधि भएका हामी सबै श्रमजीवि पत्रकारहरुले अत्यन्त प्रतिकूल र कठिन अवस्थामा पनि कम्पनी (नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रा.लि.) तथा यस अन्नपूर्ण पोस्ट् (राष्ट्रिय दैनिक) पत्रिकाको श्री वृद्धिका लागि रातदिन नभनी खटिदै आएको सबैलाई विदितै छ । प्रतिकूल समयमा आफ्नो स्वास्थ्य, परिवार, आफन्तको परवाह नगरी व्यावसायिक धर्म निभाइरहेका हामी श्रमजीविलाई यस अन्नपूर्ण पोस्ट् पत्रिकामा कार्यरत सम्बन्धित विभागका विभागीय प्रमुखहरुले विगत केही समयदेखि राजीनामा दिन दबाव दिँदै आउनुभएकोमा पछिल्लोपटक यस पत्रिकाका सम्पादक तपाईं अखण्ड भण्डारीले मिति २०७७/११/२० का दिन बेलुका ६ बजे मिटिङ छ भनी आफ्नो कार्यकक्षमा बोलाई हामी सबैलाई ***पत्रिका बन्द गरी डिजिटाइजमा जाने निर्णय भएको र सबै जनाले राजीनामा दिनुपर्ने भनी माथिको निर्देशन आएको*** सूचना दिनुभएको थियो । त्यसको केही दिनपछि पुनः मिति २०७७/११/२५ गते बेलुका ४:३० मा तपाईं र अन्नपूर्ण पोस्ट् डट कमका सम्पादक विष्णु सुवेदीज्यूको समुपस्थितिमा यस कम्पनीका सी.ई.ओ. मानस घिमिरेज्यूले अत्यन्त जरुरी मिटिङ भनी सातौं तलामा डाकी ***केही समयपछि पत्रिकाको प्रकाशन बन्द गरिने निर्णय भएको सुनाई हामी श्रमजीवीहरुलाई राजीनामा दिन बाध्य पारिएको*** यहांलाई विदितै छ ।

त्यसअघि पनि हामीले व्यक्तिगत र सामूहिक रुपमा तपाईंलाई भेटी कोरोना कालको तलब भत्ता भुक्तानी कहिले हुने र के कति कारणले पत्रिका बन्द गर्न लागिएको हो त्यस सम्बन्धमा आधिकारिक सूचना निकाल्न पहल गर्नुहोस् भनी सुझाव दिएका थियौं । त्यस सम्बन्धमा तपाईंले कम्पनीका अध्यक्ष क्याप्टेन रामेश्वर थापाज्यूले हामीलाई सामूहिक रुपमा भेटी सम्बोधन गर्ने भनी आश्वासन दिनुभएको थियो । त्यसबारे कुनै कुरा अगाडि नबढाई श्रमजीवि पत्रकार कटौती गर्न लागेको भनी तारन्तार राजीनामाका लागि मात्रै दबाव दिन थालियो । त्यसले मानसिक तथा शारीरिक रुपले पनि हामी यहां उपस्थित भई कार्य गर्ने वातावरण नभएकाले ***बाध्य भई दबावपूर्ण अवकास (Forced Retirement) स्वरुप यो सामूहिक राजीनामा*** दिएका छौं ।

श्रमजीवि पत्रकारसम्बन्धी ऐन, २०५१, श्रमजीवि पत्रकारसम्बन्धी नियमावली, २०५३ र श्रम ऐन, २०७४ तथा श्रम नियमावली, २०७५ मा श्रमजीवि पत्रकारले पाउनुपर्ने सेवा सुविधा, न्यूनतम् पारिश्रमिक (रु २४,३००) लगायतको व्यवस्था छ । जस अन्तर्गत ***कोरोनाकालदेखि काटिएको तलबको भुक्तानी, गत दसैंतिहारमा प्राप्त गर्नुपर्ने एक महिनाको पारिश्रमिक बराबरको चाडपर्व भत्ता, श्रमिक कटौती गर्दा श्रमजीवी पत्रकारहरुलाई दिइनुपर्ने क्षतिपूर्ति, उपदान, सञ्चयकोष, उपचार खर्च, सञ्चित बिरामी बिदा र घर बिदाको रकम लगायत कानूनबमुजिम प्रदान गर्नुपर्ने सम्पूर्ण सुविधा***सहित हिसाब किताब गरी भुक्तानीको व्यवस्था मिलाइदिनु हुन अनुरोध गर्दछौं ।

२०७८ साल वैशाख ३ गतेदेखि लागू हुने गरी यो सामूहिक राजीनामा दिएका छौं । साथै, *२०७८ साल वैशाख ३ गते पछि पनि हामीले प्राप्त गर्नुपर्ने सेवा सुविधा, रोकिएको तलब भत्ता, सञ्चयकोष, उपदान लगायत प्राप्त हुनुपर्ने सम्पूर्ण रकम नियमानुसार तोकिएको समयभित्र भुक्तानी नगरी कम्पनीले आलटाल गरेमा उक्त समयावधिको तलबभत्ता पनि कम्पनीले नियमानुसार भुक्तानी दिनुपर्नेछ ।*

बोधार्थ

१. श्री महानिर्देशक, सूचना तथा प्रसारण विभाग, सिनामंगल काठमाडौं
२. श्री रजिष्ट्रार, सञ्चार रजिष्ट्रारको कार्यालय, प्रदेश नं ३ सुविधानगर, काठमाडौं
३. नेपाल पत्रकार महासंघ, केन्द्रीय कार्यालय, सञ्चारग्राम, काठमाडौं
४. श्री क्याप्टेन रामेश्वर थापा, अध्यक्ष, नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रा.लि.
५. मानव संशाधन विभाग, अन्नपूर्ण पोस्ट् दैनिक

तपसिल

१. विनोद न्योपाने
२. यम विरही
३. रामकृष्ण अधिकारी
४. कृष्णप्रसाद रिमाल
५. तिलक सापकोटा
६. प्रमोदकुमार गिरी
७. कृष्णप्रसाद मरासिनी
८. गोविन्द रेग्मी
९. खगेन्द्र भण्डारी
१०. उमा विष्ट
११. सुनिता कार्की
१२. सूर्यप्रसाद पाण्डे
१३. अनन्त वाग्ले
१४. दिनेश गौतम
~~१५. अशोक दुसाद~~
१६. अजवी पौडेल
~~१७. सुनिता डंगोल~~
~~१८. विमल श्रेष्ठ~~
१९. लिलाराज अधिकारी
टिका बन्धन
२१. कृष्णराज चौधरी
२२. रामकृष्ण रानामगर
२३. देवेन्द्र महत
२४. सागर खड्का
२५. सञ्जीव दाहाल
२६. कपिल ~~सेक्का~~ रोकाया
२७. माधव छिनाल
२८. उपेन्द्र अर्याल
२९. विष्णु थापा
~~३०. इन्द्र चौधरी~~
~~३१. सिमाकुमारी सिं~~
३२. विजय बज्राचार्य
३३.